Australian Government
Department of Health and Aged Care



# Single Assessment System

# [एकल मूल्याङ्कन प्रणाली]

हामी वृद्ध हेरचाह मूल्याङ्कनहरूमा परिवर्तन गर्दैछौँ ताकि तपाईंलाई वृद्ध हेरचाह सेवामा प्रवेश गर्न र तपाईंको आवश्यकताहरू परिवर्तन हुँदै जाँदा विभिन्न सेवाहरूमा पहुँच प्राप्त गर्न सजिलो होस्।

## Single Assessment System भनेको के हो?

वृद्ध हेरचाहको लागि Single Assessment System मा 3 मुख्य भागहरू छन्:

- अष्ट्रेलियाली सरकारद्वारा आर्थिक सहयोग गरिएका वृद्ध हेरचाह केन्द्रका लागि योग्यता मूल्याङ्कन गर्ने नयाँ उपकरणको रूपमा 1 जुलाई 2024 मा **Integrated Assessment Tool (IAT) [एकीकृत मूल्याङ्कन उपकरण]** सुरू भयो।
- **Single Assessment System [एकल मूल्याङ्कन प्रणाली] कार्यबलले** 9 डिसेम्बर 2024 देखि 3 फरक मूल्याङ्कन कार्यबलहरूलाई एकीकृत गर्नेछ।
- वृद्ध आदिवासी र टोरेस स्ट्रेट टापुवासी मानिसहरूका लागि थप सांस्कृतिक रूपमा सुरक्षित तरिका प्रदान गर्न **नयाँ First Nations assessment organisations [आदिवासी मूल्याङ्कन संगठनहरू]** 1 जुलाई 2025 देखि लागू गरिनेछन्।

नयाँ प्रणालीले सरकारद्वारा आर्थिक सहयोग प्राप्त सबै इन - होम, लचिलो हेरचाह र आवासीय वृद्ध हेरचाहमा प्रवेश गर्नको लागि एकल मूल्याङ्कन मार्ग प्रदान गर्नेछ। यसले:

- तपाईं, तपाईंको परिवार र हेरचाहकर्ताहरूका लागि मार्ग खोज्न सजिलो बनाउनेछ
- तपाईंले आफ्नो कथा एक पटक मात्र बताए पुग्ने कुरामा ढुक्क बनाउनेछ
- मूल्याङ्कन प्रदायक परिवर्तन नगरी तपाईंका परिवर्तनशील आवश्यकताहरू बुझिनेछन्
- क्षेत्रीय, ग्रामीण र दुर्गम क्षेत्रमा मूल्याङ्कनको पहुँच सुनिश्चित गर्नेछ
- मूल्याङ्कनहरूका लागि कुर्ने समय छोटो रहनेछ।

वृद्ध हेरचाह योग्यता आवश्यकताहरू वा अत्यावश्यक सेवाहरूमा गरिने सिफारिसहरूमा कुनै परिवर्तनहरू हुने छैनन्।

## Single Assessment System कार्यबल भनेको के हो?

पहिले, मूल्याङ्कन गर्ने विभिन्न तरिकाहरू थिए। जसको फलस्वरूप, मूल्याङ्कनहरू एकरूपका थिएनन् र आफ्ना आवश्यकता परिवर्तन हुँदा खेरी प्राय: वृद्ध व्यक्तिहरू एउटा संस्थाबाट अर्को संस्थामा सर्ने गर्थे।

Single Assessment System कार्यबलले एकल मूल्याङ्कन मार्ग प्रदान गर्दछ, जसले मूल्याङ्कन प्रदायकहरू परिवर्तन नगरी परिवर्तनशील आवश्यकताहरूलाई द्रुत रूपमा अनुकूल बनाउन सक्छ।

9 डिसेम्बर 2024 देखि, **aged care needs assessments [वृद्ध हेरचाह आवश्यकता मूल्याङ्कन]** गर्ने सबै संस्थाहरूले निम्न दुवै गर्न सक्नेछन्:

- कमनवेल्थ गृह सहायता कार्यक्रम (CHSP) को लागि **home support assessments [गृह सहायता मूल्याङ्कनहरू]**
- होम केयर प्याकेजहरू (HCP) कार्यक्रम, लचिलो वृद्ध हेरचाह कार्यक्रमहरू, आवासीय विश्राम सेवा र आवासीय वृद्ध हेरचाहमा प्रवेशको लागि **comprehensive assessments [व्यापक मूल्याङ्कनहरू]**।

केही मूल्याङ्कन संगठनहरूले आवासीय वृद्ध हेरचाहमा बसोबास गरे पछि वृद्ध व्यक्तिको Australian National Aged Care Classification (AN-ACC) [अष्ट्रेलियायाली राष्ट्रिय वृद्ध हेरचाह वर्गीकरण] निर्धारण गर्न **residential aged care funding assessments [आवासीय वृद्ध हेरचाह कोष मूल्याङ्कनहरू]** सञ्चालन गर्नेछन्।

अधिकांश residential aged care funding assessment संगठनहरूले अष्ट्रेलियाभर उपलब्धता र पहुँच विस्तार गर्न aged care needs assessments पनि गर्नेछन्।

राज्य र क्षेत्रीय सरकारहरूले अस्पताल - आधारित मूल्याङ्कनहरू प्रदान गर्न जारी राख्नेछन्। यदि तपाईंलाई अस्पतालमा हुँदा मूल्याङ्कन चाहिन्छ भने, तपाईंलाई अर्को उपलब्ध मूल्याङ्कनकर्ता छुट्याइनेछ।

Department of Health and Aged Care [स्वास्थ्य र वृद्ध हेरचाह विभाग] ले Single Assessment System कार्यबललाई सहज तरिकाले रूपान्तरण गराउन तथा सेवामा कुनै कमी नभएको सुनिश्चित गर्नका लागि प्रवेश गर्ने र बहिर्गमन गर्ने मूल्याङ्कन संगठनहरूसँग मिलेर काम गर्नेछ।

## Aged care needs assessment को लागि मैले कसरी आवेदन दिन सक्छु?

तपाईंले aged care needs assessment को लागि आवेदन दिनु पर्ने तरिकामा कुनै परिवर्तन भएको छैन। तर Single Assessment System ले यस प्रक्रियालाई सहज बनाउने लक्ष्य राखेको छ।

तपाईं, वा तपाईंको तर्फबाट प्रतिनिधि (जस्तै परिवारको सदस्य वा हेरचाहकर्ता) ले निम्न गर्नुपर्नेछ:

- 'मूल्याङ्कनको लागि अनलाइन आवेदन गर्न' My Aged Care [मेरो वृद्ध हेरचाह] वेबसाइट हेर्नुहोस्।
- My Aged Care **लाई 1800 200 422** (नि:शुल्क फोन) मा सोमबार-शुक्रबार बिहान 8 बजेदेखि साँझ 8 बजेसम्म र शनिबार-आईतबार बिहान 10 बजेदेखि दिउँसो 2 बजेसम्म (स्थानीय समय) मा फोन गर्नुहोस्।
- सप्ताहन्त बाहेकको कुनै पनि दिनमा बिहान 8 बजे देखि साँझ 5 बजे सम्ममा **1800 277 47 मा** मा फोन गरेर तोकिएका Services Australia सेवा केन्द्रहरूमा Aged Care Specialist Officer (ACSO) [वृद्ध हेरचाह विशेषज्ञ अधिकारी]  सँग भेट्ने समय (अपोइन्टमेन्ट) लिनुहोस्।

My Aged Care ले:

- यदि तपाईं पहिलो पटक फोन गर्दै हुनुहुन्छ भने, तपाईंलाई My Aged Care मा दर्ता गर्छ
- तपाईंलाई आवश्यक हुन सक्ने वृद्ध हेरचाह सेवाहरूको बारेमा छलफल गर्न तपाईंलाई केही प्रारम्भिक प्रश्नहरू सोध्छ
- तपाईंलाई आफ्नो स्थानीय क्षेत्रमा रहेको मूल्याङ्कन संगठनमा सिफारिस गर्छ।

मूल्याङ्कन संगठनबाट Triage Delegate [प्राथमिकता निर्धारण प्रतिनिधि] ले तपाईंको सिफारिस स्वीकार गरेको 2 हप्ता भित्र तपाईंलाई फोन गर्नेछन्। यो तपाईंलाई आफ्ना आवश्यकताहरूका लागि सही प्रकारको aged care needs assessment मा आरक्षण गर्न मद्दत गर्न सहायता गर्नको लागि छोटो फोन सम्पर्क हुनेछ।

## म मेरो मूल्याङ्कनको लागि पर्खिरहेको छु, अब के हुन्छ?

यदि तपाईंले पहिले नै My Aged Care लाई सम्पर्क गर्नुभएको छ र तपाईं मूल्याङ्कन संगठनले कहिले सम्पर्क गर्छन् भनेर पर्खिरहनुभएको छ भने, तपाईंले यस चरणमा अरू केही गर्न आवश्यक छैन। स्थानीय मूल्याङ्कन संगठनले तपाईंलाई तपाईंको सिफारिस स्वीकार गरेको 2 हप्ता भित्र मूल्याङ्कन को लागि समय लिन बोलाउनेछ।

यदि तपाईंले पहिले नै मूल्याङ्कन को लागि समय लिई सक्नुभएको छ भने, केही पनि परिवर्तन हुने छैन। तपाईंको लिइएको समय र मितिमा तपाईंको मूल्याङ्कन गर्न एकजना मूल्याङ्कनकर्ता तपाईंको घरमा आउनेछन्।

## के मूल्याङ्कनहरू सञ्चालन गर्ने तरिकामा कुनै परिवर्तन हुनेछ?

मूल्याङ्कनहरू व्यक्तिगत रूपमा, तपाईंको आफ्नै घरमा, वा आवश्यक भएमा अस्पतालमा गर्न जारी रहनेछ।

Single Assessment System लचिलो छ र वृद्ध व्यक्तिले मूल्याङ्कन संगठनहरू परिवर्तन नगरी नै यसले तपाईंका परिवर्तनशील आवश्यकताहरू अनुकूल गराइदिन सक्छ।

तपाईंको मूल्याङ्कनको बखत,आवश्यकताहरूको परिवर्तन पहिचान गरे पनि तपाईंलाई उही मूल्याङ्कन संगठनले सहायता गर्नेछ:

- यदि तपाईं नैदानिक (क्लिनिकल) मूल्याङ्कनकर्ताद्वारा comprehensive assessment [व्यापक मूल्याङ्कन] गर्दै हुनुहुन्छ भने, तिनीहरूले आवश्यक भएमा home support assessment मा परिवर्तन गर्न सक्छन्।
- यदि तपाईंको गैर - नैदानिक मूल्याङ्कनकर्ताद्वारा home support assessment भइरहेको छ भने, तिनीहरूले नैदानिक निर्णय आवश्यक पर्ने प्रश्नहरू छलफल गर्न नैदानिक मूल्याङ्कनकर्तालाई (फोन वा भिडियो कन्फरेन्सद्वारा) फोन गर्न सक्छन्। यदि नैदानिक मूल्याङ्कनकर्ता तुरुन्तै उपलब्ध छैनन् भने , तिनीहरूले पुन: फोन गर्नेछन् वा बाँकी नैदानिक प्रश्नहरू सोध्नको लागि अनुगमन मूल्याङ्कनको व्यवस्था गर्नेछन्।

## के पुन: मूल्याङ्कनहरूमा कुनै परिवर्तनहरू हुनेछन्?

### Aged care needs assessments

पुन: मूल्याङ्कन र Support Plan Reviews [सहायता योजना समीक्षाहरू] को प्रक्रिया परिवर्तन भएको छैन – तपाईं, परिवारका सदस्य वा वृद्ध हेरचाह प्रदायकले यदि तपाईंको आवश्यकताहरू परिवर्तन भएमा My Aged Care लाई सम्पर्क गर्न आवश्यक हुनेछ।

Single Assessment System अन्तर्गत, तपाईंले आफ्नो पहिलो पुन: मूल्याङ्कन वा Support Plan Review फरक मूल्याङ्कन संगठनसँग गर्न सक्नुहुन्छ।

त्यसपछि तपाईंले भविष्यका सबै पुन: मूल्याङ्कनहरूका लागि त्यही मूल्याङ्कन संगठन कायम राख्नुहुनेछ। मूल्याङ्कनकर्ताहरूले Support Plan Reviews को लागि आफैं सिफारिस गर्न जारी राख्नेछन्, जसले गर्दा तपाईंले पछिल्लो पटक भेट्नु भएकै मूल्याङ्कन संगठनसँग रहन सजिलो हुनेछ।

### Residential aged care funding assessment [आवासीय वृद्ध हेरचाह कोष मूल्याङ्कन]

Residential aged care funding reassessments को प्रक्रिया परिवर्तन भएको छैन।

धेरैजसो अवस्थाहरूमा, तपाईंको आवासीय वृद्ध हेरचाह प्रदायकले तपाईंका परिवर्तनशील आवश्यकताहरू पूरा गर्न तपाईंको AN-ACC वर्गीकरण समायोजन गर्न पुन: मूल्याङ्कन अनुरोध गर्नेछ। स्थायी वृद्ध हेरचाह निवासीको रूपमा, तपाईं वा तपाईंको परिवारले My Aged Care मा सम्पर्क गरेर पुन: मूल्याङ्कनको लागि अनुरोध गर्न सक्नुहुन्छ।

Residential aged care funding assessments मा सिफारिसहरू बाँडफाँट गर्न स्वचालित प्रक्रिया हुन्छ। यसले तपाईंसँग उही मूल्याङ्कन संगठन वा मूल्याङ्कनकर्ता हुने निश्चितता (ग्यारेन्टी) गर्न सक्दैन।

## थप जानकारी

थप जानकारीको लागि My Aged Care वेबसाइटमा हेर्नुहोस्:

- मूल्याङ्कन प्रक्रिया
- मूल्याङ्कनको लागि कसरी आवेदन दिने
- मूल्याङ्कनको लागि तयारी गर्ने
- कहिले पुन: मूल्याङ्कन गर्ने।

यदि तपाईंका थप प्रश्नहरू छन् भने, कृपया My Aged Care लाई **1800 200 422** मा सम्पर्क गर्नुहोस्।

वैकल्पिक रूपमा, तपाईंले **1800 277 475** मा फोन गरेर वा Services Australia सेवा केन्द्रमा गएर ACSO सँग भेट्ने समय (अपोइन्टमेन्ट) लिन सक्नुहुन्छ।

**This has been translated into Nepali To read this fact sheet in other languages, visit the department's website.**